# आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीतिको मध्यावधि समीक्षा•

१. आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीति २०६५ असोज १३ गते सार्वजनिक गरिएको थियो । विश्वको आर्थिक परिस्थिति र मुलुकभित्र विकसित हुन सक्ने आर्थिक परिदृष्यलाई दृष्टिगत गरी अग्रदृष्टिकोणको आधारमा सो मौद्रिक नीतिको तर्जुमा भई कार्यान्वयनमा आएको थियो । मौद्रिक नीति सार्वजनिक भएपछि विश्व आर्थिक गतिविधिमा नाटकीय र द्रुत गतिमा परिवर्तन आयो । अमेरिकाको कमसल कर्जा संकटबाट सिर्जित वित्तीय संकटको प्रभाव अमेरिकामा मात्र सीमित नभएर क्रमशः अन्य विकसित तथा विकासोन्मुख मुलुकहरुमा समेत पर्न थालेको छ । विश्व वित्तीय संस्थाहरु र जी-२० समूह लगायतले अन्तर्राष्ट्रिय स्तरमा गरेको सामूहिक प्रयास र संकटबाट प्रभावित मुलुकका सरकारद्धारा उत्प्रेरणात्मक कार्यक्रम (Stimulus Package) ल्याइएको भएतापनि विश्व आर्थिक मन्दिमा सुधारको कुनै संकेत देखापरेको छैन । विश्व अर्थव्यवस्थमा वित्तीय संकट लम्बिँदै गएकोले त्यसको असर नेपालमा पनि देखिन थालेको छ ।

२. चालू आर्थिक वर्षको मौद्रिक नीति जारी गर्दाको समयमा समष्टिगत आर्थिक व्यवस्थापनमा मूल्य वृद्धि प्रमुख चूनौतीको रुपमा रहेको थियो । शेयर तथा घरजग्गा जस्ता सम्पत्तिको मूल्यमा हुने वृद्धिले अमेरिकामा जस्तो वित्तीय क्षेत्र स्थायित्वमा जोखिम सिर्जना नहोस भन्ने तर्फ बैक सचेत रहेको थियो भने सर्वसाधारणले बैंकहरुवाट निक्षेपमा प्राप्त गर्ने व्याजदर वढ्न नसकेकोले यथार्थ व्याजदर ऋणात्मक रहेको अवस्था थियो । गत वर्षको उत्तरार्द्धमा उल्लेख्य रुपमा प्राप्त विप्रेषणवाट रु २९ अर्ब शोधनान्तर वचत भएको र सोवाट मौद्रिक तरलता समेत पर्याप्त रहेको स्थितिमा मूल्य वृद्धि नियन्त्रण लगायत समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने उद्धेश्यले आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीतिको अडान कडा राखिएको थियो ।

३. मौद्रिक नीतिको मध्यावधि समीक्षाको यस क्रममा मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थितिको वारेमा संक्षिप्त रुपमा उल्लेख गर्न चहान्छु ।

४. कृषि क्षेत्रतर्फ, नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले २०६५ पुस महिनामा सार्वजनिक गरेको प्रमुख खाद्यान्न बालीहरुको प्रारम्भिक उत्पादन अनुमान अनुसार आर्थिक वर्ष २०६५।६६ मा धानको उत्पादन अघिल्लो वर्ष भन्दा ५.२ प्रतिशतले वृद्धि भई करीब ४५ लाख २४ हजार मे.टन हुने अनुमान छ । अन्य खाद्यान्न बाली मकै र कोदोको उत्पादन क्रमशः २.८ प्रतिशत र ०.५ प्रतिशतले बढ्ने अनुमान छ । तर हिउँदे वर्षा नभएका कारण गहुँ लगायत हिउँदे बाली, तरकारी र फलफूलको उत्पादन वृद्धिदर अघिल्लो वर्षभन्दा कम हुने अनुमान छ । बन्द हडतालले आवगमन अवरूद्द हुन जाँदा कृषि क्षेत्रमा उत्पादित वस्तुहरू जस्तो दुध र तरकारीजन्य वस्तुहरुलाई बजारसम्म पुऱ्याउन नसक्दा कृषकहरूले ठूलो नोक्सान व्यहोर्नु परिरहेको छ ।

५. गैर-कृषि क्षेत्रतर्फ, कोशी नदीको कटानका कारण पूर्व क्षेत्रसँग भएको सडक सम्बन्ध विच्छेद, लोडसेडिङ्ग, व्यवस्थापन र मजदूरबीच उत्पन्न विवादका कारण उत्पादनमूलक उद्योग क्षेत्रको उत्पादनमा प्रतिकूल प्रभाव पर्न गएको छ । खस्कदो औद्योगिक उत्पादनको कारणले आन्तरिक

• नेपाल राष्ट्र बैंकका **गभर्नर दीपेन्द्र बहादुर क्षेत्रीले दिनु भएको वक्तव्य**

उपभोगको लागि बाह्य क्षेत्रमा भर पर्दै जानु पर्ने अवस्थाले आर्थिक स्थायित्वको लागि चुनौती खडा भएको छ ।

६. उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीतिदर आर्थिक वर्ष २०६५।६६ को पुस मसान्तमा वार्षिक विन्दुगत आधारमा (year-on-year basis) १४.४ प्रतिशतले बढेको छ । समग्र सूचकाङ्कमध्ये खाद्य तथा पेय पदार्थ समूह र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क क्रमश: १८.३ प्रतिशत र १०.३ प्रतिशतले बढेको छ ।

७. आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च अघिल्लो वर्षको सोहि अवधिको ३०.२ प्रतिशत वृद्धिको तुलनामा १२.३ प्रतिशतले वृद्धि भई रु. ६५ अर्ब ४६ करोड पुगेको छ । समीक्षा अवधिमा चालू खर्च १३.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष चालू खर्च २१.८ प्रतिशतले बढेको थियो । पूँजीगत खर्च भने अघिल्लो वर्ष ६६.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा अघिल्लो वर्षको यसै अवधिको तुलनामा २३.४ प्रतिशतले घटी रु. ७ अर्ब ८८ करोड रहेको छ । त्यसैगरी, समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन अघिल्लो वर्ष सोही अवधिमा भएको २५.४ प्रतिशत वृद्धिको तुलनामा २५.५ प्रतिशतले वृद्धि भई रु. ५९ अर्ब ४८ करोड पुगेको छ ।

८. सरकारी वित्ततर्फ, आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनाको अवधिमा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ७ अर्ब ४२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी बजेट रु. ३ अर्ब २६ करोडले घाटामा थियो । सरकारको उच्च राजस्व परिचालनको तुलनामा खर्च कम रहेको, वैदेशिक सहायता परिचालन अघिल्लो वर्षको तुलनामा उच्च रहेको र यस अवधिमा थप रु. ८ अर्ब ७० करोड आन्तरिक ऋण परिचालन गरेकोले नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग चालू आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा मात्रै रु. १८ अर्ब ६५ करोड नगद मौज्दात कायम हुन गएको छ । यसरी उच्च नगद बचत कायम रहनु पूँजी परिचालनका दृष्टिले उपयुक्त मान्न सकिंदैन ।

९. बाह्य क्षेत्रतर्फ, आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनाको अवधिमा नेपालको शोधनान्तर स्थिति रु. २८ अर्ब ५३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. १ अर्ब ९५ करोडले घाटामा रहेको थियो । समीक्षा अवधिमा चालू खाता रु. १६ अर्ब ७३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष यसै अवधिमा चालू खाता रु. १० अर्ब ९१ करोडले घाटामा रहेको थियो । रेमिट्यान्स आप्रवाहका कारण समग्र शोधनान्तर बचत कायम भई बाह्य क्षेत्र स्थायित्व रहेपनि व्यापार घाटाको उच्च विस्तार भने चिन्ताको विषय बनेको छ ।

१०. मौद्रिक क्षेत्रतर्फ, आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनामा विस्तृत मुद्रा प्रदाय ($M_2$) ११.० प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा विस्तृत मुद्रा प्रदाय १०.३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति उल्लेख्य रुपमा बढेकाले विस्तृत मुद्रा प्रदायको वृद्धि उच्च रहन गएको हो ।

११. आन्तरिक कर्जा समीक्षा अवधिमा ५.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जा १०.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा सरकारमाथिको खुद दावि १८.८ प्रतिशतले घट्नुको साथै निजी क्षेत्रतर्फ प्रवाहित बैंक कर्जा अघिल्लो वर्ष १४.० प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ११.४ प्रतिशतले मात्र वृद्धि भएकोले कुल आन्तरिक कर्जाको वृद्धिदरमा कमी आएको हो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा ११.५ प्रतिशतले बढी रु. ३७५ अर्ब ५४ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त कर्जा १६.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा

निजी क्षेत्रको उत्पादन उपक्षेत्रतर्फको कर्जाको मागमा कमी आएको छ भने उपभोग कर्जामा विस्तार आएको छ ।

१२. आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनासम्ममा वाणिज्य बैंकहरुसँग रहेको कुल निक्षेप १२.९ प्रतिशत (रु. ५४ अर्ब ३१ करोड) ले बढी २०६५ पुस मसान्तमा रु. ४७५ अर्ब ८३ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल निक्षेप ११.३ प्रतिशत (३७ अर्ब ९६ करोड) ले बढेको थियो । समीक्षा अवधिमा रेमिट्यान्स आप्रवाह बढ्नुको अतिरिक्त नयाँ बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र शाखा विस्तार पनि बढ्दै गएकाले बैंकहरुको निक्षेप परिचालन बढेको हो ।

१३. आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनामा थप एक विकास बैंक स्थापना भई बैंक तथा वित्तीय संस्थाको कुल संख्या १७३ पुगेको छ । वाणिज्य बैंकहरुको शाखा २०६५ असार मसान्तको ५५५ बाट थप ६२ वटा विस्तार भई ६१७ वटा पुगेको छ ।

१४. मौद्रिक व्यवस्थापन अन्तर्गत आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनासम्ममा खुला बजार उपकरणहरु मार्फत् कारोवारका आधारमा खुद रु. २० अर्ब ७२ करोड तरलता प्रशोचन भएको छ । अघिल्लो वर्ष यसै अवधिमा कुल रु. ६ अर्ब ८१ करोड तरलता प्रशोचन र रु. २ अर्ब बराबरको तरलता प्रवाह भएको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरुसँग अधिक तरलताको स्थिति रहन नदिन खुल्ला बजार कारोवारबाट अघिल्लो वर्षभन्दा बढी तरलता प्रशोचन गरिएको हो ।

१५. आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनासम्ममा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरुबाट अमेरिकी डलर ९६ करोड ३६ लाख खुद खरीद गरी रु. ७३ अर्ब १९ करोड बराबरको तरलता प्रवाह गरेको छ । समीक्षा अवधिमा रेमिट्यान्स आप्रवाह उच्च रहेकाले विदेशी विनिमय बजारमा खरीद हस्तक्षेप बढेको हो । भारतीय मुद्राको माग व्यवस्थापन गर्न समीक्षा अवधिमा अमेरिकी डलर ७२ करोड बिक्री गरी भा.रु. ३३ अर्ब ८६ करोड खरीद भएको छ । अघिल्लो वर्ष यसै अवधिमा अमेरिकी डलर ६६ करोड बिक्री गरी भा.रु. २६ अर्ब २७ करोड खरीद भएको थियो ।

१६. समीक्षा अवधिमा वाणिज्य बैंकहरुले रु. ३८ अर्ब २२ करोड स्थायी तरलता सुविधा उपयोग गरेका छन् । अघिल्लो वर्ष वाणिज्य बैंकहरुले रु. ४६ अर्ब ९७ करोड स्थायी तरलता सुविधा उपयोग गरेका थिए । समीक्षा अवधिमा वाणिज्य बैंकहरु बीच रु. १४६ अर्ब ७६ करोड अन्तरबैंक कारोवार भएको छ । अघिल्लो वर्षको यसै अवधिमा रु. १६८ अर्ब १४ करोड अन्तरबैंक कारोवार भएको थियो ।

१७. चालू आर्थिक वर्ष नेपाली मुद्रामा हुने निर्यात पुनर्कर्जा दर २.० प्रतिशत तथा रुग्ण उद्योग पुनर्कर्जा दर १.५ प्रतिशत कायम गरेकोमा समीक्षा अवधिमा एउटा होटललाई पश्चिमाञ्चल विकास बैंक मार्फत् रु. ७० लाखको रुग्ण उद्योग पुनरकर्जा प्रवाह भएको छ ।

१८. विश्व वित्तीय संकटबाट उत्पन्न प्रभावलाई कम गर्न तथा अन्तर्राष्ट्रिय वस्तुहरुको मूल्यमा तिब्र गिरावटबाट आयातकर्ताहरुलाई पर्न जान सक्ने नोक्सानीलाई कम गर्न ट्रष्ट रिसिप्ट वा यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम ९० दिनसम्मको अवधिको लागि मात्र प्रवाह गर्न पाउने व्यवस्थामा संशोधन गरी त्यस्ता कर्जाहरु अधिकतम १८० दिनसम्मको अवधिको लागि प्रवाह गर्न सकिने व्यवस्था कायम गरिएको छ ।

१९. वित्तीय समावेशीकरणको मुद्दालाई सम्बोधन गर्न र गरीब विपन्न वर्गको कर्जामा पहुँच बढाउन वाणिज्य बैंकका अतिरिक्त विकास बैंकहरुले साविकको १ प्रतिशतबाट वृद्धि गरी १.५ प्रतिशत र वित्त कम्पनीहरुले समेत कुल बाँकी कर्जाको १ प्रतिशत अनिवार्य रुपले विपन्न

वर्गमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएकोमा २०६५ पुस मसान्तमा विकास बैंकहरुको विपन्न वर्गमा लगानी रु. ३९ करोड ४३ लाख रहेको छ ।

२०. तोकिएको न्यूनतम पूँजीकोष कायम राख्न नसक्ने बैंक तथा वित्तीय संस्थाको लागि आर्थिक वर्ष २०६५/६६ देखि नयाँ उपकरणको रूपमा शीघ्र सुधारात्मक कारवाही (Prompt Corrective Action, PCA) लागू गरिएको र बैंक तथा वित्तीय संस्थाहरूमा देखिएका कमजोरीहरूलाई समयमै निराकरण गर्न तथा सुधारात्मक कारवाहीहरूलाई पनि कमजोरीको स्तरअनुरूप मेल खाने गरी वर्गीकरण गर्दै सुधारका कारबाहीहरू अवलम्बन गर्नुपर्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको परिप्रेक्ष्यमा यस बैंकद्वारा शीघ्र सुधारात्मक कारबाही विनियमावली तयार गरी लागू गरिसकिएको छ ।

**आर्थिक तथा मौद्रिक परिदृक्ष्य**

२१. राजनैतिक संक्रमणको अवस्था आर्थिक क्षेत्रमा परेकोले सरकारी तथा निजी क्षेत्रको लगानीमा शिथिलता आएको छ भने विकराल बन्दै गएको उर्जा समस्याका कारण गैर-कृषि क्षेत्रको उत्पादन वृद्धि नराम्रोसँग प्रभावित भएको छ । विश्वव्यापी आर्थिक मन्दीको प्रभाव चालू आर्थिक वर्षको दोस्रो अर्धवर्षमा देखापर्न थालेकोले यस आर्थिक वर्षको आर्थिक वृद्धिदर लक्ष्य भन्दा न्यून रहने अनुमान छ ।

२२. चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीति ७.५ प्रतिशत रहने प्रक्षेपण गरिएको थियो । आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १४.४ प्रतिशत रहेको र चालू आर्थिक वर्षको ६ महिनाको औषत मुद्रास्फीति दर १४.० प्रतिशत रहेको छ । गत सेप्टेम्बर महिनादेखि विश्वव्यापी रुपमा खाद्य, पामआयल तथा धातुजन्य वस्तुहरुको मूल्यमा गिरावट आएको छ । अधिकांश मुलुकमा मुद्रास्फीति घटिरहेको स्थितिमा नेपालमा उर्जा संकट, बन्द, हड्ताल जस्ता कारणहरुले उत्पादन र आपूर्ति लागत बढाएको छ । तसर्थ, चालू आर्थिक वर्ष औषत मुद्रास्फीति ११.० प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान छ ।

२३. नेपाल सरकारले २०६५ कात्तिकदेखि पेट्रोलियम पदार्थको आन्तरिक मूल्य निर्धारण प्रणालीमा सुधार ल्याई नियमित रुपमा अन्तर्राष्ट्रिय बजार मूल्य अनुरुप समायोजन गर्दै जाने नीति लिएको छ । यसबाट इन्धन आपूर्ति व्यवस्थामा सुधार हुने र मुद्रास्फीतिमा उतारचढावको अवस्था न्यून हुँदै जाने यस बैंकको विश्वास छ । पेट्रोलियम पदार्थको मूल्यमा गिरावट आएपनि समायोजित सार्वजनिक यातायातको भाडादर लागू हुन नसक्दा मूल्य स्तरमा सुधार हुन सकेको छैन ।

२४. अहिलेको मुद्रास्फीति उच्च रहनुमा आपूर्ति पक्ष बढी जिम्मेवार रहेको यस बैंकको निष्कर्ष छ । तथापि उच्च मुद्राप्रदायको विस्तारबाट सिर्जना हुनसक्ने गैर-व्यापारिक वस्तुको मूल्यवृद्धि, शेयर तथा घरजग्गाको मूल्य मार्फत् समग्र मूल्यस्तरमा पर्नसक्ने प्रभावप्रति यस बैंक सजग छ । तसर्थ, मौद्रिक विस्तारका कारणबाट मूल्यमा थप चापको स्थिति पैदा हुन नदिन यस बैंकको साप्ताहिक वासलातमा आधारित तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको आधार र वाणिज्य बैंकहरुको निक्षेप परिचालन, कर्जा प्रवाह र नगद मौज्दात सम्बन्धी विवरणको आधारमा तरलता मापन गर्ने कार्यलाई निरन्तरता दिई खुला बजार कारोवार मार्फत् मुद्रा प्रदायलाई वाञ्छित सीमामा राख्न तरलता प्रशोचन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२५. आर्थिक वर्ष २०६५।६६ मा देशको शोधनान्तर बचत रु. १२ अर्ब रहने प्रक्षेपण गरिएको थियो । चालू आर्थिक वर्षको पहिलो ६ महिनासम्म शोधनान्तर स्थिति रु. २८ अर्ब ५३ करोडले बचतमा रहेको छ । विदेशमा जाने कामदारको संख्यामा अघिल्लो वर्षको तुलनामा पुस र माघ

महिनामा घटेको, पर्यटक आगमनको संख्या पनि घटेको, विश्व आर्थिक मन्दीको प्रभावस्वरुप थप कामदार कटौति हुने सम्भावना रहेको र वस्तु तथा सेवा खाता घाटा पनि फराकिलो हुँदै गएकोले प्रक्षेपण गरिएको रु. १२ अर्बको शोधनान्तर बचत हासिल गर्न सहज भएपनि विगत ६ महिनाको प्रवृत्ति भने यथावत नरहने अनुमान छ ।

२६. आर्थिक मन्दीको प्रभाव वास्तविक क्षेत्र मार्फत् नेपालको वित्तीय क्षेत्रमा पनि पर्न सक्ने प्रभावलाई नकार्न सकिन्न । वित्तीय क्षेत्रमा पर्न सक्ने प्रभावका सम्बन्धमा पनि राष्ट्र बैंकले निरन्तर अनुगमन गरिरहेको छ । कमजोर पूँजी संरचना र पर्याप्त तरलता नभएका बैंक वा वित्तीय संस्थाहरूलाई नै वित्तीय संकटले सुरूमा प्रभाव पार्ने भएकोले बैंक तथा वित्तीय संस्थाहरुलाई पनि आफ्नो कर्जाको निरन्तर अनुगमन गर्ने र सम्पत्तिको गुणस्तर बिग्रनबाट रोक्न समयमै आवश्यक कदम चाल्न आग्रह गर्दछ । वित्तीय क्षेत्र सुधार कार्यक्रमबाट हासिल हुन सकेको सम्पत्तिको गुणस्तर कायम राखी यसमा अझ सुधार गर्दै जानुपर्नेमा बैंक तथा वित्तीय संस्थाहरु पनि सचेत हुन जरुरी छ ।

२७. आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीति जारी गर्दाको समयमा विद्यमान रहेको आर्थिक तथा वित्तीय परिसूचकहरुमा उल्लेख्य परिवर्तन देखिएको छैन । मुद्रास्फीति दर उच्च स्तरमै रहेको, ऋणात्मक रहेको वास्तविक व्याजदर स्थितिमा समेत सुधार हुन नसकेको एवं बैंकहरुमा तरलताको स्थिति पनि सुविधाजनक स्थितिमै रहेकोले चालू आर्थिक वर्षको बाँकी अवधिका लागि पनि मौद्रिक नीतिको कडा र सजग अडान कायमै राखिएको छ ।

२८. नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरुलाई आर्थिक वर्ष २०६१।६२ देखि आन्तरिक भुक्तानी व्यवस्थाको सेफ्टी भल्भको रुपमा धितो कर्जाको रुपमा वाणिज्य बैंकहरुको पहलमा स्थायी तरलता सुविधा उपलब्ध गराउँदै आएको छ । तसर्थ बैंक तथा वित्तीय संस्थाहरुले यस सुविधाको प्रयोग भुक्तानी प्रणालीमा आउने जोखिम व्यवस्थापन गर्न अन्तिम सुरक्षा कवचको रुपमा मात्र प्रयोग गरिनुपर्छ भन्नेमा राष्ट्र बैंक स्पष्ट छ । यस भन्दा भिन्न प्रयोजनमा स्थायी तरलता सुविधा प्रयोग हुन गएमा खुला बजार उपकरणको प्रभावकारी कार्यान्वयनमा अवरोध सिर्जना गर्नुका साथै यसको अत्यधिक प्रयोगले अर्थतन्त्रमा दुष्परिणाम समेत ल्याउन सक्छ । साथै समकक्षीहरुलाई स्थायी तरलता सुविधाको उपयोग जिम्मेवार ढंगले होस् भन्ने समेत आग्रह गर्दछ ।

२९. वित्तीय बजार, खुला बजार कारोवार तथा स्थायी तरलता सुविधाबाट पनि आवश्यक तरलता आपूर्ति हुन सकेन भने यस बैंकले अन्तिम ऋणदाताको सुविधा यस बैंकबाट प्राप्त गर्न सकिने विद्यमान बैंकदर ६.५ प्रतिशत यथावत कायम गरिएको छ । वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा राख्नुपर्ने निक्षेप दायित्वको ५.५ प्रतिशतको अनिवार्य नगद अनुपातलाई यथावत कायम राखिएको छ भने स्थायी तरलता सुविधाको विद्यमान व्यवस्थालाई निरन्तरता दिईएको छ ।

३०. नेपाली निर्यातलाई प्रोत्साहन गर्न स्वदेशी मुद्रा, विदेशी मुद्रामा दिइने पुनर्कर्जा तथा रुग्ण उद्योग पुनर्कर्जा दर सम्बन्धी मौद्रिक नीति २०६५।६६ मा भएको व्यवस्थालाई यथावत कायम राखिएको छ ।

**उपसंहार**

३१. आर्थिक वर्ष २०६५।६६ को पहिलो ६ महिनाको अवधिसम्म प्राप्त तथ्याङ्क आधारमा विश्लेषण गर्दा आर्थिक गतिविधिमा अपेक्षा गरे अनुरुप सुधार हुन सकेन । यस अवधिमा शोधनान्तर बचत उत्साहजनक भई बाह्य क्षेत्र स्थायित्व कायम भएपनि मूल्यमा चापको स्थिति यथावत रहेको छ । मूल्य स्तरमा परेको चाप कम गर्नुपर्ने चुनौति एकातिर छ भने विश्व आर्थिक मन्दीको प्रभावस्वरुप वैदेशिक रोजगारमा जाने नेपाली कामदारको संख्या घट्न थालेकोले

त्यसको प्रभाव चालू खातामा पर्न सक्ने देखिन्छ । यसले गर्दा चालू आर्थिक वर्ष २०६५।६६ मा बाह्य क्षेत्र समग्रमा कमजोर नरहेपनि हालको उत्साहजनक उपलब्धी कायम नहुन सक्छ । यथार्थ व्याजदर ऋणात्मक रहिरहेको, उपभोक्ता मुद्रास्फीति उच्च रहेको, चालू वर्षको बाँकी अवधिमा बाह्य क्षेत्रतर्फ विगतको प्रवृत्ति कायम नहुने देखिएको परिस्थितिमा विकसित आर्थिक स्थितिको आधारमा मौद्रिक व्यवस्थापनको कार्यलाई केन्द्रित गर्नुपर्ने तर्फ यस बैंक सचेत रहेको छ ।

३२. आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीति कार्यान्वयनमा यस वर्षको बाँकी अवधिमा पनि सहयोगको अपेक्षा राख्दै हालसम्म प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुर्‍याउनु हुने सबैलाई धन्यवाद दिन चाहन्छु ।

मिति २०६५/१२/०९

नेपाल राष्ट्र बैंक

बालुवाटार